# सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कारका लागि आवेदन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०२/४

**मञ्चुका स्मृति अक्षय कोषद्वारा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा स्थापित "सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार-२०८२" को लागि सम्बन्धित संघ संस्थाहरुबाट मिति २०८२/०२/४ गते प्रकाशित सूचनाको बिस्तृत विवरण देहाय बमोजिम रहेको छ ।**

*("मञ्चुका स्मृतिअक्षयकोष" का संस्थापक सदस्य श्री सुप्रविध सुभाष श्रेष्ठ (श्री लुमिन कुमार श्रेष्ठ तथा कमला श्रेष्ठका छोरा) को मिति २०७३ आश्विन २३ गते एक सवारी दुर्घटनामा परी मिति २०७३ आश्विन २९ गते असामयिक देहान्त भयो । स्व. श्रेष्ठको स्मृतिमा**"सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार"** को स्थापना तथा सञ्चालन गर्ने कोषले निर्णय गरेकोले सो पुरस्कार अन्तर्गत प्रत्येक वर्ष नेपालमा नवीकरणीय/वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी स्थानीय समुदायको जनजीवन उकास्न विशेष सहयोग पुऱ्याई रहेका ३ वटा उत्कृष्ट संस्थाहरुलाई सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार निर्देशिका, २०७४ बमोजिम सम्मान सहित जनही रु. ५०,०००/- रकमको पुरस्कार प्रदान गर्ने गरी यो पुरस्कार स्थापना गरी २०७४ कार्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको २१ औं वार्षिकोत्सवको अवसरमा घोषणा गरिएको हो ।)*

उपरोक्त पुरस्कारको लागि मिति २०८२/०६/१ सम्ममा यस केन्द्रमा आवेदनदर्ता भइसक्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी आएका आवेदन उपर कुनै कारवाही गरिने छैन । आवेदन फाराम तथा पुरस्कार सम्बन्धी निर्देशिका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यालय वा केन्द्रको वेभ साइटबाट प्राप्त गर्न सकिने छ ।

**थप जानकारीको लागि तपसिलको ठेगानामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ :**

**मञ्चुका स्मृति अक्षय कोष**
बिजुली बजार, काठमाडौं
फोन नं. : ४७८२९३०

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाण्डौ
इमेल : info@aepc.gov.np
वेवसाइट : www.aepc.gov.np